# वालुवा प्रशोधन गर्ने उद्योगको अनुमति, दर्ता तथा नियमन सम्बन्धी कार्यविधि २०७७

**१ बालुवा प्रशोधन गर्ने उद्योगको अनुमतिको लागि निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजात**

क) रीतपूर्वकको निवेदन
ख) परियोजनाको विवरण
ग) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा विदेशी नागरिक भए राहदानीको प्रतिलिपि
घ) निवेदक फर्म वा कम्पनी भएमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
ङ) उद्योग रहने स्थानको नक्सांकन सहितको विवरण
च) प्रतिनिधि नियुक्त गरेको भए अख्तियारी पत्र र अख्तियारवालाको परिचय खुल्ने कागजात
छ) विदेशी लगानीमा उद्योग संचालन गर्ने भए विदेशी लगानी स्वीकृति भएको पत्र
ज) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदार बीच भएको सम्झौता
झ) उद्योग स्थापना गर्ने क्षेत्रको गाउँपालिका वा नगरपालिकाको सिफारिश
ञ) निवेदक कम्पनी भएमा
   i. कम्पनी दर्ता प्रमाणपत्र
   ii. स्वीकृत प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि
   iii. संचालक समितिको निर्णय
   iv. अद्यावधिक शेयर लगत
   v. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्र
ट) सम्बन्धित निकायबाट उद्योग दर्ता सम्बन्धमा यसै कार्यविधिले तोकिए बमोजिमको दुरी खुल्ने प्रमाणित कागजात
ठ) कच्चा पदार्थ आपूर्तिको बैधानिक स्रोत खुल्ने कागजात
ड) उद्योग रहने स्थलको जग्गाधनी प्रमाण पुर्जा/ लिज लिएको भए सम्झौताको प्रति
ढ) उद्योग संचालनबाट हुने विपद् जोखिम न्यूनीकरण सम्बन्धमा स्थानीय तहको सिफारिस
ण) स्थानीय तहबाट प्रमाणित भएको उद्योगको उत्पादन क्षमता खुल्ने कागजात
त) Location Topo नक्सामा अक्षांश देशान्तर खुलेको कागजात
थ) प्राइभेट/साझेदारी फर्म भएमा अद्यावधिक नविकरण भएको उद्योग दर्ता प्रमाणपत्र

**२ बालुवा प्रशोधन गर्ने उद्योगको दर्ताको लागि निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजात**

क) उद्योग दर्ता निवेदन फाराम
ख) अनुमति पत्र
ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन

**३ वालुवा प्रशोधन गर्ने उद्योग दर्ताका लागि दुरी सम्बन्धी मापदण्ड:**

| क्र.सं. | विवरण | कायम दूरीको मापदण्ड | | दुरी प्रमाणित गर्ने निकाय |
|---|---|---|---|---|
| | | तराइ / भित्री मधेश र चुरे क्षेत्रको हकमा | पहाडी र हिमाली क्षेत्रको हकमा | |
| १. | राजमार्गको राईट अफ वे बाट | ३०० मिटर | २०० मिटर | सम्बन्धित प्रदेश सडक डिभिजन कार्यालय |
| २. | खोला वा नदी किनारबाट | ५०० मिटर | २०० मिटर | सम्बन्धित स्थानीय तह |

| | | | | |
|---|---|---|---|---|
| ३. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | १ किलोमिटर | ५०० मिटर | सम्बन्धित स्थानीय तह |
| ४. | पक्की पुलबाट | ५०० मिटर | ५०० मिटर | सम्बन्धित स्थानीय तह |
| ५. | अन्तर्राष्ट्रिय सिमाबाट | २ किलोमिटर | २ किलोमिटर | सम्बन्धित स्थानीय तह |
| ६. | वन, निकुञ्ज तथा आरक्षबाट | १ किलोमिटर | ५०० मिटर | सम्बन्धित प्रदेश वन डिभिजन कार्यालय |
| ७. | घना बस्तीबाट | १ किलोमिटर | ५०० मिटर | सम्बन्धित स्थानीय तह |
| ८. | हाईटेन्सन लाईनबाट | २०० मिटर | २०० मिटर | सम्बन्धित विद्युत् प्राधिकरण कार्यालय |
| ९. | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | ५०० मिटर | ५०० मिटर | सम्बन्धित स्थानीय तह |
| १०. | चुरे पहाडको फेदीबाट | १ किलोमिटर | १ किलोमिटर | सम्बन्धित प्रदेश वन डिभिजन कार्यालय |

**४ जग्गा सम्बन्धीः**

क) उद्योगको स्वामित्वमा रहेको कम्तीमा २० रोपनी (१०१७५ वर्गमिटर) जग्गा

ख) उद्योगको आफ्नै स्वामित्वमा जग्गा नभएमा लिजमा लिएको भए कम्तिमा ५ (पाँच) वर्षको सम्झौता

**५ उद्योग अनुमति तथा दर्ता प्रक्रिया**

क) उद्योगको अनुमतिका लागि माथि दफा १ मा उल्लिखित कागजात पेश गर्ने ।

ख) विभागले कागजात रुजु गरी औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड समक्ष प्रस्ताव पेश गर्ने ।

ग) औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डबाट स्वीकृत भए पश्चात् सम्बन्धित निकायबाट वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई पेश गर्ने ।

घ) उद्योग दर्ताका लागि माथि दफा २ बमोजिमको अनुमति पत्र र ४ मा उल्लिखित कागजात पेश गर्ने।

ङ) संलग्न कागजात रुजू गरी उद्योग दर्ता गर्ने ।

च) उद्योग संचालन गर्नु पूर्व दर्ता गर्ने निकायले अनुगमन गरी विभागसमक्ष प्रतिवेदन पेश गर्ने ।

**६ पालना गर्नुपर्ने शर्तहरुः**

- उद्योग स्थापना गर्दा साईड ड्रेन, हिलो थिग्रने पोखरी, फोहोर पानी प्रशोधनको व्यवस्था र वायु प्रदूषणको लागि आवश्यक व्यवस्था गर्नुपर्नेछ ।
- उद्योगले आफुलाई चाहिने कच्चा पदार्थ सिधै नदि वा वनक्षेत्रबाट उत्खन्न गरि प्रशोधन गर्न पाउने छैन ।
- दर्ता गर्नु पूर्व वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ ।
- वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नुपर्ने छ ।

**७ अनुगमन समिति**

वालुवा प्रशोधन गर्ने उद्योगहरुले अनुमति/ दर्ताका बखत निर्धारित मापदण्ड पालना गरे नगरेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| क. निर्देशक प्रविधि शाखा, उद्योग विभाग | संयोजक |
| ख. अधिकृत प्रतिनिधि अनुमति दर्ता शाखा, उद्योग विभाग | सदस्य |
| ग. अधिकृत प्रतिनिधि प्राविधिक योजना शाखा, उद्योग विभाग | सदस्य |
| घ. सम्बन्धित स्थानीय तहको प्रतिनिधि | सदस्य |
| ङ. जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| च. सम्बन्धित उद्योग संघ/संगठनको प्रतिनिधि | सदस्य |